कार्यालय प्रमुख: ०९९-५२१११७
फोन नं. : ०९९-५२०३६८
इ-मेल : ciaa.kanchanpur@ciaa.gov.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
## महेन्द्रनगर, कञ्चनपुर

प.सं. २०८०।०८१
च.नं. KNP ८०८१-३६८२५

मितिः २०८०/१०/०४

विषयः- निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा।

श्री स्थानीय तहहरु सबै,
सुदुरपश्चिम प्रदेश।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औ स्थापना दिवस, (२०८० माघ २८) को उपलक्ष्यमा देशभरिका विद्यालयहरुका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरु प्रतियोगी हुने गरी **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धन"** विषयमा २०००देखि २५०० शब्द सिमा भित्रको निबन्ध प्रतियोगिता आयोजना गरिने भएकोले तँहा पालिका भित्र संचालित संस्थागत र सामुदायिक सबै शैक्षिक संस्थाहरुमा कक्षा ९ देखि १२ सम्म नियमित अध्ययनरत इच्छुक विद्यार्थीहरुबाट यसैसाथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना (गोरखापत्र दैनिक २०८०।१०।०४ मा प्रकाशित) बमोजिम हस्तलिखित निबन्धहरु संलग्न गरी सम्बन्धित विद्यालयले यस कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्रसहित यस कार्यालय वा ईमेल ठेगाना ciaa.kanchanpur@ciaa.gov.np मा मिति २०८०।१०।१९ गते कार्यालय समयभित्र अनिवार्य प्राप्त हुने गरी पठाई सहयोग गरी दिनुहुन अनुरोध गरिन्छ।

**थप जानकारीको लागी सूचना अधिकारी सम्पर्क नं. ९८५८७५२३७७**

.........................
( रमेश कुमार के.सी. )
कार्यालय प्रमुख

**बोधार्थः**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाण्डौ।

# अख्तियार दुरूपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

## निबन्ध लेखन प्रतियोगितासम्वन्धी सूचना

(प्रकाशित मिति २०८०/१०/०४ गते)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तिसौं स्थापना दिवस (२०८० माघ २८) को उपलक्ष्यमा आयोग मातहतका सात वटा कार्यालयहरु (ईटहरी, बर्दिबास, हेटौडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुर) मार्फत कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरूबीच आयोजना गर्न लागिएको **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन"** विषयक **निबन्ध लेखन** प्रतियोगितामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सहभागीहरूले आफ्नो सिर्जना मिति २०८०/१०/१९ गतेभित्र सम्वन्धित कार्यालयमा प्राप्त हुने गरी पठाइसक्नुपर्नेछ ।

आयोग मातहतका कार्यालयहरुमा सहभागीहरु मध्येबाट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीलाई कार्यालयस्तरमा नै पुरस्कृत गरिनेछ । यस सम्वन्धी विस्तृत विवरण आयोगको वेबसाइट www.ciaa.gov.np मा प्रकाशित गरिएको छ ।